# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराङ्ग, दाङ
लुम्बीनी प्रदेश, नेपाल

## नदी जन्य पदार्थको शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०९/२०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, शान्तिनगर गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी जन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा ७ को उपदफा(६) बमोजिम देहायका शीर्षकहरूमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले शिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७७/०७८ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदी विक्रि(स्वीकृत खानी क्षेत्र वाहेक) संकलन तथा विक्री परिमाण (घन फिटमा) | आ.व. ०७७/०७८ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) प्राकृतिक श्रोत विक्री शुल्क रू. प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट वाहेक) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १९/SRMNCB/ ०७७/०७८ | बबई खोलाको देविपुर ( १) घाटमा ढुंगा, गिटी, | १७२००० | रू ८।०० | १३७६०००। | रू १,०००। |

**ठेक्का सम्बन्धि शर्तहरू**

१. माथि उल्लेखित ठेक्काहरूको लागि वोलपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ ।
२. ठेक्का अवधि सामान्यतया आ.व. २०७७/०७८ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले उक्त अवधीमा कम पनि कायम गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।
३. माथि उल्लेखित सवै ढेक्काहरू कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
४. धरौटी वापत कबोल गरको अंकको ५ प्रतिशत रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) सिलबन्दी दरभाउपत्र साथ संलगन गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
५. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित आन्तरिक राजश्व खाता नं. ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. सिलबन्दी दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।
८. ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उपरोक्त शिलबन्दी दरभाउ पत्रहरूको लागि १५ औं दिन सम्म कार्यालय समयभित्र खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र प्राप्त दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
१०. सिलबन्दी दरभाउपत्र फारामहरू खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त सिलबन्दी दरभाउपत्र साथ संलगन गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरूका प्रत्येक बुंदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
१२. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)